■ 2021 ■

# बिद्यार्थीहरुका लागि दिशा निर्देशन

हेइसेई मेडिकल एकेडेमी

## हेइसेई इर्यो मेडिकल कलेज

### जापानी भाषा बिभाग

## १　भर्ना सम्बन्धि ／कोर्ष／ आबेदन अवधि

| कोर्ष | प्रबेश अबधि | विद्यार्थी संख्या | अबधि | आबेदन अबधि |
|---|---|---|---|---|
| मेडिकल कल्याण कोर्ष | अप्रिल | ४० | १ वर्ष | सेप्टेम्बेर १ 〜नोवेम्बेर ३० |
| जापानी भाषा कोर्ष | | ६० | २ वर्ष | |
| हाईलेभल कोर्ष | अक्टोबर | ६० | १वर्ष ६ महिना | मार्च १ 〜मे ३० |

## १ भर्नाका लागि आबश्यक डकुमेन्टहरु

निम्न अनुसार

१. कम्तिमा +2 पुरा गरेको हुनुपर्ने।

२. कम्तिमा JLPT N5 अथवा सोहि अनुसारको लेभल पास हुनुपर्ने।

३. मेडिकल कल्याण कोर्स अध्ययन गर्न चाहने बिद्यार्थीले अनिवार्य रुपमा सोहि बिषय अध्ययन गरेको हुनुपर्ने अथवा कामको अनुभब हुनुपर्ने।

### (1)　आबेदन प्रकृया

① व्यत्तिगत रुपमा आबेदन दिन चाहनेको हकमा

सम्बन्धित स्कुलकमा सम्पर्क गरि कृपया कागजातहरू र पासपोर्ट बुझाउनु होला।

② सिधै आबेदन दिन चाहनेको हकमा ( ईमेल ,पोस्ट आदि इत्यादि )

जापानी भाषाको परिक्षा अथवा अन्तर्वातामा पास हुने व्यत्तिले मात्रै आबेदन दिन पाउने छ ।

③ हाम्रो साझेदार भाषा स्कुल मार्फत गरिने आबेदन

हामी स्थानीय सम्बन्धित भाषा स्कुलमा इन्टरब्यू र परीक्षा लिनेछौं। परीक्षामा पास भएकाहरुले मात्रै आबेदन दिन पाउनु हुनेछ।

### (2)　छनौट गर्ने विधि

① डकुमेन्टलाई इन्ट्रीसीट अनुसार मान्यता दिईने छ।

② अन्तर्वार्ता र लिखित परिक्षा ( आबश्यक कागजात भएमा, लिखित परीक्षा छूट हुन पनि सक्छ )

③ फाइनानसियल ग्यारेन्टरको अन्तर्वार्ता

④ आवेदन सामग्री अनुसारको डकुमेन्ट हुनुपर्ने ।

※ बिस्तृत जानकारीक लागि कृपया पृष्ठ 6 हेर्नुहोस्

### (3)　फाइनानसियल ग्यारेन्टर

फाइनानसियल ग्यारेन्टरले महत्त्वपूर्ण जिम्मेवारी वहन गर्नुपर्ने हुन्छ ,जसले आर्थिक रूपमा र नियमित रूपमा महत्त्वपूर्ण जिम्मेवारी खेलेको हुन्छ। त्यसैले, निम्न कुराहरु पूरा गर्नु पर्ने हुन्छ।

① विद्यार्थीहरूको ट्यूशनफी र खाने बस्नेको खर्चहरू नियमित भुक्तान गर्न सक्ने व्यत्ति हुनुपर्ने

② विद्यार्थीहरूलाई उच्च अध्ययन गर्न प्राथमिकता दिन सक्षम हुनुपर्ने

③ अध्ययन गरिरहेको समयमा कुनै समस्या परेको खण्डमा परामर्श दिन सक्ने व्यत्ति हुनुपर्ने

※ फाइनानसियल ग्यारेन्टरले आबेदन दिने बेलामा ①मा भएको सर्त अनुसार,आय प्रमाणपत्र ,बैंक बालेंन्स प्रमाणपत्र आदि इत्यादी पेश गरिदिनुहुन अनुरोध गर्दछु।

※ फाइनानसियल ग्यारेन्टर जापानमा बसोबास गरेको हुनुपर्छ भन्ने छैन।

1. ट्युसनफीको बारेमा

(1) शिक्षण शुल्क विवरण

| कोर्ष | | आबेदन शुल्क | प्रबेश शुल्क | शिक्षण शुल्क | दुर्घटना बिमा | अन्य खर्चहरु | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| चिकित्साकल्याण प्रणाली १ वर्ष | | ￥२०,००० | ￥१००,००० | ￥६२०,००० | ￥१०,००० | ￥१०,००० | ￥७६०,००० |
| २ वर्ष | पहिलो वर्ष | ￥२०,००० | ￥१००,००० | ￥६२०,००० | ￥१०,००० | ￥१०,००० | ￥७६०,००० |
| | दोश्रो वर्ष | | | ￥६२०,००० | ￥१०,००० | | ￥६३०,००० |
| | जम्मा | ￥२०,००० | ￥१००,००० | ￥१,२४०,००० | ￥२०,००० | ￥१०,००० | ￥१,३९०,००० |
| १.५ वर्ष | पहिलो वर्ष | ￥२०,००० | ￥१००,००० | ￥३१०,००० | ￥५,८०० | ￥१०,००० | ￥४४५,८०० |
| | दोश्रो वर्ष | | | ￥६२०,००० | ￥१०,००० | | ￥६३०,००० |
| | जम्मा | ￥२०,००० | ￥१००,००० | ￥९३०,००० | ￥१५,८०० | ￥१०,००० | ￥१,०७५,८०० |

※ ट्यूशनफिमा शिक्षण सामग्री शुल्क पनि समावेश गरिएको छ।

※ अलग्ग कुनै खर्चहरु लाग्ने छैन।

※ बिद्यार्थी दुर्घटना बीमा विवरणहरूको लागि कृपया पृष्ठ ८ हेर्नुहोस्।

(2) भुक्तान अवधि

【अप्रिल सेसन】

| शुल्क विवरण | रकम | भुक्तानी समय |
|---|---|---|
| आबेदन शुल्क | ￥२०,००० | फारम बुझाउदा |
| प्रबेश शुल्क<br>शिक्षण शुल्क<br>अन्य खर्चहरु<br>दुर्घटना बिमा | ￥१००,०००<br>￥६२०,०००<br>￥१०,०००<br>￥१०,००० （२ वर्ष कोर्ष　१ वर्षको बिमा रकम ） | मार्चको प्रारम्भमा ( जारि गरिएको मिति सम्म ) |

【अक्टोबर सेसन】

| शुल्क विवरण | रकम | भुक्तानी समय |
|---|---|---|
| आबेदन शुल्क | ￥२०,००० | फारम बुझाउदा |
| प्रबेश शुल्क<br>शिक्षण शुल्क<br>अन्य खर्चहरु<br>दुर्घटना बिमा | ￥१००,०००<br>￥३१०,०००<br>￥१०,०००<br>￥५,८०० （१.५ वर्ष कोर्ष　६महिनाको बिमा रकम ） | सेप्टेम्बरको प्रारम्भमा ( जारि गरिएको मिति सम्म ) |

(3) ट्युसनफिको भुक्तानी गर्ने तरिका

① भुक्तानी गर्ने तरिका

- भुक्तानी गर्ने रकम हाम्रो खाता नम्बरमा पठाउनु पर्ने छ र अबेदकको नामबाट पठाउनु पर्ने छ ।
- कृपया भुक्तानी गर्दा लाग्ने चार्ज आफै बेहोर्नुहोस् ।

- कृपया रकम जम्मा गर्दा जापानी एनमा गर्नुहोस् ।

② रकम भुक्तानी गरिसकेपछि अपनाउनु पर्ने सावधानी

- एक पटक भुक्तानी गरिसकेको रकम कुनै बिशेष कारण बिना फिर्ता गरिने छैन।
- यदि आफ्नो देसमा रहेको जापानी दुतावासले भिसा नदिएको खण्डमा, आवेदकले भुक्तानी गरेको रकम बाट आबेदन शुल्क （२०,०००）कटाएर बाँकि रकम फिर्ता गरिने छ तर ,त्यसबाट कटाउने चार्ज आफै बेहोर्नु पर्ने छ।
- टोकिएको समय सम्म रकम भुक्तानी नगरेको खण्डमा प्रवेश रद्ध हुन सक्ने सम्भावना भएकोले , प्रवेश शुल्क र शिक्षण शुल्क समयमै भुक्तानी गर्नुहोस्।

## 2. आबश्यक कागजातहरू

【अबेदकले बुझाउनु पर्ने आबश्यक कागजातहरु 】

A सबै आवेदकले तयार गर्नु पर्ने आबश्यक कागजातहरु

| कागजातहरु | ध्यान दिनु पर्ने कुराहरु |
|---|---|
| पासपोर्ट सईज फोटो ८ वोटा | ३महिना भित्र खिचेको फोटो र त्यसको पछाडी राष्ट्रियता, नाम ,जन्म मिती लेख्नुहोस् |
| इन्ट्रीसीट | स्कुलले तयार पारिएको फारममा भर्नुहोस् |
| प्रवेशको लागी आवेदन | स्कुलले तयार पारिएको फारममा भर्नुहोस् |
| बायोदाता | स्कुलले तयार पारिएको फारममा भर्नुहोस् |
| अन्तिम शैक्षिक क्षेत्र उतिर्ण गरेको प्रमाणपत्र | ओरिजिनल पेश गर्नुहोस् |
| शैक्षिक ट्रान्सक्रिप्ट प्रमाणपत्र | ओरिजिनल पेस गर्नुहोस |
| कन्ट्रयाक पपेर | स्कुलले बनाएको फारममा भर्नुहोस् |
| परिचय पत्रको प्रतिलिपि | पासपोर्ट , लाइसेन्स ,नागरिकता आदि, आफुलाई पहिचान गराउने कुनै पनि कार्ड |
| जापानी लेभल टेस्टको प्रमाणपत्र | जापानी भाषा प्रविणता प्रमाणपत्र N5、 J-TEST F लेभलको प्रमाणपत्र आदि |

B आवेदकले मात्रै तयार गर्नु पर्ने

| आवेदक | कागजातहरु | ध्यान दिनु पर्ने कुराहरु |
|---|---|---|
| पासपोर्ट बाहक | पासपोर्टको प्रतिलिपि | • विवरण सहित सबैको प्रतिलिपि तयार गर्नुहोस |
| शैक्षणिक पृष्ठभूमिमा फरक परेमा<br>• जो सामान्य भन्दा कम उमेरमा प्राथमिक बिद्यालयमा प्रबेश गरेको खण्डमा<br>• समान्य भन्दा धैरे वर्ष लगाएर उतिर्ण भएको खण्डमा | • कारणपत्र<br>• विद्यालय द्वारा जारी प्रमाणित पत्र | • कारणपत्र बिद्यार्थी स्वयम लेख्नुपर्ने<br>• बिद्यालयले जारी गरेको प्रमाणपत्र कलेज पढेको समय , उतिर्ण भएको कुरा पक्का गर्नुहोस।<br>• विद्यालय द्वारा जारी गरेको प्रमाणपत्र कृपया विद्यालयको आधिकारिक पत्रमा लेखेको हुनुपर्ने छ । |
| बर्तमानमा अध्ययनरत युनिभर्सिटी | • विद्यार्थी प्रमाणपत्र<br>• प्रमाणित ट्रान्सक्रिप्ट | • बिद्यालयबाट जारी गरेको प्रमाणपत्रहरु बुझाउनुहोस। |
| काम गरेको अनुभब | • रोजगारीको प्रमाणपत्र<br>• काम छोडेको प्रमाणपत्र | • कृपया कम्पनीबाट जारी गरिएको आधिकारिक प्रमाणपत्र (लेटरहेड) को प्रयोग गरेर बनाउनुहोस।<br>• काम गरेको प्रकार र समय अबधि खुलाउनुहोस |
| जापानी भाषा अध्ययन गरेको खण्डमा | • जापानी भाषाको प्रमाणपत्र | • कृपया जापानी भाषा संस्थाद्वारा जारी गर्ने प्रमाणपत्र तयार गर्नुहोस्।<br>जापानी भाषा अध्ययन गरेको समय ,उपस्थित दिन,लेभल आदि खुलाउनुहोस। |

| | | |
|---|---|---|
| चिनियाँ नागरिक भएको खण्डमा | | |
| भेटनामि नागरिक भएको खण्डमा | | |
| मेडिकल सम्बन्धि योग्यता भएको खण्डमा | • योग्यताको प्रमाणपत्र अथवा कागजात | |

## 【ग्यारेन्टरले तयार गर्नु पर्ने अबश्यक कागजातहरु】

### A　ग्यारेन्टर बिदेशमा भएको खण्डमा　(चाईना बाहेक )

| कागजातहरु | ध्यान दिनु पर्ने कुराहरु |
|---|---|
| फाराम | स्कुलको  फारम भर्नुहोस् |
| अबेदक र ग्यारेन्टरको   सम्बन्ध | पारिवारिक सम्बन्ध ,ठेगाना प्रमाणित भएको  अथवा अन्य कागजात |
| रोजगारी प्रमाणपत्र | इम्प्लोइमेन्ट सर्टिफिकेट ,ब्यबसाय प्रमाणपत्र  आदि |
| बैंक ब्यालेन्स प्रमाणपत्र | बैंकले जारी गरेको प्रमाणपत्र  जापानिज एन 2,500,000 संग इक्युभालेंत हुनु जरुरि छ |
| राजस्व र कर प्रमाणपत्र | आफ्नै देसको कर कार्यालय  द्वारा प्रमाणित  गरिएको कागजात |

### B　ग्यारेन्टर  स्वदेशमै भएको खण्डमा

| कागजातहरु | ध्यानदिनु पर्ने कुराहरु |
|---|---|
| फाराम | स्कुलले तयार पारिएको फाराम |
| आवेदक र ग्यारेन्टरको सम्बन्ध | नोटरी गरेको *परिवार सम्बन्ध खुल्ने प्रमाणपत्र |
| रोजगारी प्रमाणपत्र | इम्प्लोइमेन्ट सर्टिफिकेट अथवा ब्यबसाय आदि |
| बैंक ब्यालेन्स प्रमाणपत्र | बैंकले जारी गरेको प्रमाणपत्र  जापानिज एन 2,500,000 संग इक्युभालेंत हुनु जरुरि छ |
| राजस्व र कर प्रमाणपत्र | कर कार्यालय  द्वारा प्रमाण  गरिएको र 3 वर्षको आयश्रोत प्रमाणपत्र |

※ लेटरहेद  मा जारी गरिएको प्रमाणपत्र हुनु पर्ने र लेटरहेद नभएको खण्डमा कम्पनीको बर्तमान ठेगाना र टेलिफोन नम्बर उल्लेख हुनुपर्ने  ।

### C　ग्यारेन्टर जापानमा भएको खण्डमा

| कागजातहरु | ध्यानदिनु पर्ने कुराहरु |
|---|---|
| फाराम | स्कुलले तयार पारिएको फाराम भर्नुहोस्, अबेदकलाई फईनानसियेल सपोर्ट गर्ने बारे लेख्नुहोस्, बाक्य लामो भएको खण्डमा A4 को कागजमा लेख्नुहोस् |
| आवेदक र ग्यारेन्टर सम्बन्ध | आवेदक र परिवार संग कुनै सम्बन्ध भएको खण्डमा, सम्बन्ध प्रमाणपत्र बुझाउनुहोस् |
| राजस्व प्रमाणपत्र | काम गर्नु हुन्छ भने,कर कार्यालयबाट राजस्व सम्बन्धिको प्रमाणपत्र बुझाउनुहोस |
| रोजगारी प्रमाणपत्र | कम्पनि इम्प्लोई हो भने ,कम्पनिको अधक्ष्यको नाम सहित  प्रमाणपत्र बुझाउनुहोस्<br>यदी आफै ब्यबसाय गरिरहनु भएको छ भने ,कर प्रमाणपत्र ,ब्यबसायको प्रमाणपत्र आदि पेश गर्नुहोस |
| रेसिडेन्ट प्रमाणपत्र | परिवार सदस्य सबै उल्लेख गर्नुहोस |
| बैंक ब्यालेन्स प्रमाणपत्र | ग्यारेन्टरको आफ्नो नाम उल्लेख भएको बैंक ब्यालेन्स प्रमाणपत्र बुझाउनुहोस् |

※कुनै पनि समस्या परेको खण्डमा सम्बन्धित भाषा स्कुल अथवा जापानको स्कुलमा खबर गर्नुहोस् ।

3. छनौट परिक्षा

(1) निबेदन

■ फाराममा रहेको इन्ट्रीसीट भरेर जापानको स्कुलमा फ्याक्स अथवा ईमेल बाट पठाउनुहोस।

■ जापानको स्कुलबाट इंतरब्युलिने समय ,ठाउँ र आबश्यक कागजातहरुको बारेमा खबर गर्ने छ।

■ जापानको स्कुलबाट कुनै पनि जानकारी भएको खण्डमा नेपालको सम्बन्धित स्कुललाइ खबर गरिने छ। अथवा सिधै विद्यार्थीलाई पनि सम्पर्क गर्न सकिने छ ।

(2) अन्तर्वार्ता

■ अन्तर्वार्ता अबेदक र ग्यारेन्टर दुबैलाई लिईन्छ।

■ अन्तर्वार्तामा उपस्थित हुदा निम्न बमोजिमक कागजातहरु लिई आउनुहोला ।

① कुनै एक परिचय प्रमाणपत्र

- नागरिकताको प्रमाणपत्र
- सवारी चालकको इजाजत पत्र
- पासपोर्ट

मध्य कुनै एक

② जापानी भाषा लेबल टेस्ट प्रमाणपत्र

- JLPT N 5 वा सो भन्दा माथि
- J－TEST F लेभल
- कुनै पनि जापानी भाषाको लेबल टेस्टको प्रबेस पत्र

③ ग्र्याजुएशन प्रमाणपत्र

④ अरु इन्ट्रीसिट भर्दा आबस्यक कागजातहरु

(3) लिखित परीक्षा

■ जापानी भाषा ,हिसाब र अंग्रेजी को परिक्षा लिनेछ ।

■ पेश गरेको डकुमेन्ट अनुसार परिक्षा फरक हुन सकिने छ ।

(4) कगजात छनौट

■ अन्तर्वार्तामा पास भएका ब्यत्तिको मात्र कागजात पेश गर्न सूचना दिईने छ ।

■ पेश गरिएका प्रमाणपत्रहरुमा कुनै गल्ति भेटिएमा सकेसम्म चादै सच्याई पठाउनु होला।

4. कागजात र जापानमा प्रबेश गर्न अगाडिको तयारि

【 शुरु देखि अन्त सम्म 】

इन्ट्रीसिट पेस गर्नुहोस् (प्राथम परीक्षा)

- प्रारमभिक परिक्षा पास भएमा हामी तपाईलाइ खबर गर्ने छौं।

अन्तर्वार्ता • लिखित परिक्षा （दोश्रो परिक्षा）

- दोश्रो परिक्षामा पास भएका बिद्यार्थीलाई मात्रै आबेदन अनुमति दिइने छ , र आबेदन तयारी गर्नुहोस ।

आबेदन （तेश्रो परिक्षा )

- उतिर्ण भएका बिद्यार्थीलाई स्विकृति पत्र दिइने छ।
- उतिर्ण भएको स्विकृति पत्र पठाए पनि ,थप कागजातहरुको आबश्यक पर्न सकिने छ।

【एलिजिबिलिटी प्रमाणपत्र पठाएपछिको स्कुल प्रबेश प्रकृया सम्म】

एलिजिबिलिटी प्रमाणपत्र

- प्रबेश प्रकृया सम्बन्धि कागजातहरु पठाउने छौ।

प्रबेश प्रकृया （शिक्षण भुक्तानीको बारे )

- भुक्तानी प्रकृया पुरा भइसकेपछि एजिलिबिलितीको प्रमाणपत्र पठाउने छौं |

भिसा आबेदन

- कृपया जापानि दुताबासमा आबेदन दिनुहोस।

जापान प्रस्थान

- जापान प्रस्थान गर्ने दिन पक्का भएपछि स्कुललाई खबर गर्नुहोस्।

5. बिमाको बरेमा

जापानको स्कुलमा बिद्यार्थीहरुको लागि राहतको लागि दुर्घटना बिमा र राष्ट्रिय स्वास्थ बिमाको व्यबस्था पनि गरिएको छ।

■ राष्ट्रिय स्वास्थ बिमाको बारेमा

- राष्ट्रिय स्वास्थ बिमा सम्बन्धित कार्यालयमा सदस्यताको आबेदन दिन्छौ।
- प्रतिमहिनाको बिमा रकम 2,500 जति पर्न आउछ।
- यदी तपाई राष्ट्रिय सरकारी बिमाको सदस्य हुनुहुन्छ भने, उपचार गरको खर्च बाट 70% सरकारले ब्येहोर्ने छ र आफुले 30% मात्रै बेहोरे पुग्छ।

■ विशेष प्रकारको बिमा बारेमा

- जापानको बसाइँ अनुसार बिद्यार्थीको बिमा रकम फरक हुन सक्छ।
- यो बिमाले दुर्घटना  वा बिरामी भएको खण्डमा सहयोग गर्ने छ।
- यदि केहि गरि बिद्यार्थीको रोग अथवा दुर्घटना भई अप्रेसन गर्नु परेको र  आफ्नो देशबाट बुबा आमालाई बोलाउनु पर्ने अवस्थामा बुबा आमालाई पनि बिशेष छुट दिईने छ।

※ तर केहि रोगहरुको बिमा  हुदैन।